दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २९० | बुटवल | २०८१ कार्तिक ०७, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Oct. 23, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## दानको विपक्षमा बोल्नेलाई लिखित जवाफ पेश गर्न पत्र

काठमाडौं । नेकपा एमालेले पार्टी केन्द्रीय भवन दानमा स्वीकार्ने निर्णयविपरीत बोल्ने नेताहरुलाई स्पष्टीकरणपत्र पठाएको छ। महासचिव शंकर पोखरेलले ७ दिनभित्र लिखित जवाफ पेश गर्न स्पष्टीकरण पत्र पठाएका हुन् ।आइतबार साँझ बसेको सचिवालय बैठकले पूर्वउपाध्यक्ष भीम रावल, स्थायी कमिटी सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिनासँग स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो ।

सचिवालयको निर्णय बमोजिम महासचिव पोखरेलले पार्टीको निर्णय विपरीत टिप्पणी गर्नुको कारण सोधेका छन् । 'विधानको धारा ८१ बमोजिमको कारबाही किन गर्नु नपर्ने हो ? सोको आधार र कारण सहित सात (७) दिनभित्र स्पष्टीकरण पेश गर्न अनुरोध छ ।'-स्पष्टीकरण पत्रमा भनिएको छ ।

एमाले विधानको धारा ८१ मा पार्टी निर्णय पालना नगर्ने नेताहरुलाई लिलम्बन गर्ने, जिम्मेवारीबाट हटाउने अथवा निष्कासनसम्मको कारबाही गर्न सकिने व्यवस्था छ । पाण्डे र तिमिल्सिनाले व्यवसायी मीनबहादुर गुरुङबाट दानमा केन्द्रीय कार्यालय स्वीकार्ने पार्टी निर्णयप्रति बिमति जनाएका थिए । पूर्वउपाध्यक्ष रावललाई भने यो निर्णय विपरीत बोल्ने मात्र नभएर विगत लामो समयदेखि अलग गतिविधि गरेको आरोप लगाइएको छ ।

मीनबहादुरले जग्गा दान र पार्टी कार्यालय समेत बनाइदिने विषयको पार्टी बाहिर पनि आलोचना भइरहेको छ । विभिन्न दलका नेताहरु, र सुशासनको पक्षमा पैरवी गर्ने संस्था ट्रान्सपरेन्सी इन्टरनेसन नेपालले समेत उक्त दान दिनु र लिनु दुबै लगत भएको बताएका छन् ।

## 'मीनबहादुरको दानले भ्रष्टाचारको पक्षपोषण'

बुटवल । व्यवसायी मीनबहादुर गुरुङबाट जग्गा दान र पार्टी कार्यालय भवन बनाइदिने विषयले भ्रष्टाचारलाई पक्षपोषण गरेको ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआइ) नेपालले बताएको छ । प्रेस विज्ञप्ति जारी गर्दै टीआइ) नेपालले सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेको पार्टी कार्यालय भवन निर्माणको लागि व्यवसायी मीनबहादुर गुरुङबाट १० रोपनी १४ आना जग्गा दान गरिएको र सो जग्गामा दाताकै तर्फबाट भवन निर्माण समेत दानको रूपमा गरिदिने भन्ने समाचारतर्फ ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआइ) नेपालको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

दान प्रदान गर्ने व्यक्ति नेपाल सरकार वादी रहेका विभिन्न मुद्दामा अदालतले दोषी ठहर गरेको र निजमाथि सोही प्रकृतिका थप विभिन्न मुद्दाहरु न्यायिक प्रक्रियामा नै रहेको सर्वविदितै रहेको उल्लेख गर्दै कानुनको पालना गरी/गराई सरकारी सम्पत्ति र हितको संवर्द्धन गर्नसरकारको नेतृत्व गरिरहेको पार्टीले यस प्रकारको दान दातव्य लिंदा वादी-प्रतिवादीमा हुनुपर्ने व्यवहारमा गम्भीर असर पर्न गई सरकार वादी रहेको मुद्दामा प्रतिकूल प्रभाव पर्न जाने टीआइले भनेको छ । प्रतिवादीसँगको यस्तो लेनदेनका कारण स्वार्थको द्वन्द्र हुन गई सुशासनमा गम्भीर असर पर्ने र भ्रष्टाचारको पक्षपोषण हुने ठम्याइ टीआइ नेपालको रहेको छ ।

सरकारको नेतृत्व गर्ने व्यक्ति वा दलले सरकार वादी रहेको मुद्दाका प्रतिवादी व्यक्ति वा पक्षवाट सरकारको लागि होस् वा पार्टीको नाममा होस् कुनै पनि प्रकारको दान, दातव्य र सहयोग स्वीकार गर्ने प्रवृत्तिले सुशासनको अपव्याख्या भई देशमा व्याप्त भ्रष्टाचारलाई थप मलजल पुग्न जाने ठम्याइ टीआई नेपालको रहेको छ । सरकार सञ्चालनमा संलग्न रहेका व्यक्ति तथा राजनीतिक दललाई यस प्रकारका काम कारबाहीबाट अलग रहन टीलाई नेपालले अपील गरेको छ । विभिन्न क्षेत्रबाट आलोचना र विराध भएपनि तिनलाई बेवास्ता गर्दै एमाले नेतृत्वले झण्डै एक अर्ब रुपैयाँ बराबरको दान जायज भएको तर्क गरेको छ ।

# छविलालसँग साढे सात घण्टा बयान, ५७ सवाल जवाफ

**मोहम्मद हबिब**
*भैरहवा*




सहकारी ठगीको आरोपमा पक्राउ परेका छविलाल जोशीको सोमबार र मंगलबार गरी जिल्ला सरकारी वकिल कार्यालयमा बयान लिएको छ ।

६ असोजमा जिल्ला प्रहरी कार्यालय कास्कीले पक्राउ गरेको उनलाई सोमबार बयानका लागि रुपन्देही ल्याइएको थियो । रुपन्देहीको सुप्रिम सहकारीको रकम गोर्खा मिडिया नेटवर्क प्रालिमार्फत् भएको अपचलनमा पूर्व प्रहरी नायब महानिरीक्षक जोशी पनि संलग्न रहेको भन्दै प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय, रुपन्देहीका प्रमुख प्रेमराज पौडेलको रोहवरमा बयान लिएको हो ।

सोमबार जोशीलाई रुपन्देही ल्याई प्रारम्भिक सोधपुछ भएको थियो भने मंगलबार बिहान ११ बजेदेखि साढे ६ बजेसम्म बयान लिइएको हो । सहकारी ठगी मुद्दामा ५७ वटा सवाल जवाफ गरी सरकारी कार्यालयबाट फिर्ता लगिएको जिल्ला न्यायधिवक्ता प्रेमराज पौडेलले जानकारी दिए । 'मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३१ ले प्रहरीले अनुसन्धान गरेपछि प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पठाउँछ, त्यो अनुसन्धान पूरा भएको नदेखिएको अवस्थामा थप अनुसन्धान गर्नु परेमा वा मुद्दाको बिचमा थप बयान लिनुपर्ने देखिएकोमा थप बयान लिन सक्ने व्यवस्था पनि छ । त्यो कानुन टेकेर हामीले अवस्था हेरेर बयान लिन पनि सकिने छ ।'-उनले भने ।

सोमबार नै बयान नसकिएकोले उनलाई जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा राखिएको थियो ।

'मंगलबार अहिलेको प्रयोजनको लागि रुपन्देहीको बयान सकिएको छ। थुनुवा फिर्ता भयो। प्रहरीले कहाँ-कहाँ अनुसन्धान गरिरहेको छ त्यही पठाउँछ ।'-जिल्ला न्यायधिवक्ता पौडेलले भने ।

'जिल्लामा भएको जहेरीको आधारमा र संसदीय समितिको प्रतिवेदनको आधारमा उनलाई रुपन्देही ल्याइएको हो । को-कोलाई ल्याउनु पर्छ भन्ने बारेमा प्रहरीको अनुसन्धानबाट थाहा हुन्छ ।'-जिल्ला न्यायधिवक्ता पौडेलले भने ।

सामान्य अवस्थामा सहज रुपमा सवाल जवाफ भएको छ । हामीले बयानभन्दा अगावै सवाल जवाफ गर्न सक्ने अवस्थामा छन् कि छैनन् भनेर सोधेपछि मात्रै दिन सक्ने भनेपछि बयान लिइएको थियो । इलाका प्रहरी कार्यालय, बुटवलका प्रमुख डीएसपी विजयराज पण्डित, अनुसन्धान अधिकृतहरू यमलाल बञ्जाडेसहित प्रहरीहरूले जोशीको बयान लिइएको हो ।

अनुसन्धान र गोपनियताको विषय भएकोले जीबी राई, रवि लामिछानेको विषयबारे कार्यालयले भने केही सार्वजनिक गरेको छैन ।

**सहकारी पीडितले गरे प्रदर्शन**

सहकारी ठगी आरोपमा पक्राउ परेका छविलाल जोशीलाई बयानको लागि रूपन्देही ल्याउँदा सहकारी पीडितहरुले केहीबेर प्रदर्शन गरे ।

जोशीलाई सरकारी वकिल कार्यालय, रुपन्देहीमा ल्याएको थाहा पाएपछि पीडितहरुले शिघ्र कार्यबाहीको माग राख्दै रुपन्देही जिल्ला अदालत अगाडि प्रदर्शन गरेका हुन् । अनुसन्धान प्रकृया चलेको २ वर्ष बढी समय भए पनि अहिलेसम्म आफूहरुले गुमाएको रकम पाउन नसकेको भन्दै पीडितहरु आक्रोशित भएका थिए । मुख्य अभियुक्त भनिएका जीबी राइ, सुप्रीम सहकारीका तत्कालिन व्यवस्थापकलगायतलाई पक्राउ गर्न नसेकोकोले उनीहरुलाई पनि पक्राउ गरी कारबाहीको माग गरेका छन् ।

विभिन्न ब्यानर तथा प्लेकार्ड बोकेका प्रदर्शनकारीहरुलाई प्रहरीले जिल्ला अदालत अगाडि रोकेको थियो । सरकारी वकिल कार्यालयमा बयान भै रहेको हुँदा प्रदर्शनकारीहरु पनि त्यही जान खोजेका थिए । प्रहरीले अगाडि बढ्न नदिएपछि उनिहरु जिल्ला अदालत अगाडि रोकिएको थियो ।

वचतकर्ताको निक्षेप फिर्ता र दोषीलाई कडा कारबाहीको माग गर्दै प्रदर्शन गरिएको सुप्रिम सहकारी पीडित संघर्ष समितिका संयोजक विजय नेपालले बताए ।

बचत रकम फिर्ता र सहकारीको रकम अपचलन गर्नेलाई कारबाही आफूहरूको प्रमुख माग रहेको उनले बताए ।

सहकारी रकम अपचलन संसदीय छानबिन समितिले गोर्खा मिडियामार्फत् भएको सहकारीको रकम अपचलनमा जीबी राई, रवि लामिछाने, कुमार रम्तेलसँगै जोशीलाई पनि कानुन बमोजिम कारबाही गर्न सिफारिस गरेको थियो ।

उनी गोर्खा मिडिया प्रालिका पूर्वसञ्चालक मध्येका एक हुन् । सुप्रिम सहकारी अपचलनको मुद्दा यसअघि नै अदालत पुगिसकेको छ । जोशीलगायतका व्यक्तिको संलग्नता खुलेको बखत पूरक अभियोजन बनाएर पुनः मुद्दा लग्ने बाटो भने खुल्ला रहेको छ ।

सुप्रिमका १ हजार ८३१ बचतकर्ताले सहकारीका पूर्वअध्यक्ष राई, वर्तमान अध्यक्ष ओमप्रकाश गुरुङसहितका पदाधिकारी, सञ्चालक तथा कर्मचारीहरूले एक अर्ब बढी रकम अपचलन गरेको भन्दै प्रहरीमा उजुरी दिएका छन् । ती उजुरीहरूको आधारमा प्रहरीले अनुसन्धान अगाडि बढाएको हो ।

प्रहरीको अनुसन्धान प्रतिवेदनअनुसार सर्वसाधारणबाट जम्मा गरेको १ अर्ब ३१ करोडमध्ये ८६ करोड १८ लाख बढी रकम राई र गुरुङको समूहले अपचलन गरेको छ ।

जीबी राईका विभिन्न पाँच वटा कम्पनीलाई मात्रै यो सहकारीले ऐन नियम विपरीत ७८ करोड ५० लाख ७६ हजार रुपैयाँ ऋण दिइएको प्रहरी अनुसन्धानबाट खुलेको छ । पूर्वगृहमन्त्री रवि लामिछाने प्रबन्ध निर्देशक रहेका बेला गोर्खा मिडिया नेटवर्कको नाममा मात्रै सुप्रिमबाट १४ करोड ६ लाख रुपैयाँ सारिएको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । प्रहरी अनुसन्धान प्रतिवेदन अनुरूप सुप्रिम सहकारी ठगी प्रकरणमा जिल्ला सरकारी वकिल कार्यालयमार्फत् २८ जनाविरुद्ध मुद्दा दायर भएको छ । जसमा सहकारीका अध्यक्ष ओमप्रकाश गुरुङ थुनामा छन् ।

सचिव पुनसहितका ६ जना धरौटीमा छुटेका छन् । अन्य १९ जना अहिले पनि फरार छन् । अदालतले सहकारीका पूर्व अध्यक्ष तथा हालका संरक्षक गीतेन्द्रबाबु राई (जीबी) सहितका अन्य १९ जनालाई पक्राउ पुर्जी जारी गरिसकेको छ ।

# मासु व्यवसायीलाई समेटेर वधशाला चलाउन सुझाव



**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवल उप-महानगरपालिकाले सञ्चालन गरेको पशु बधशालामा मासु व्यवसायीहरुलाई समेटेर लैजानुपर्ने पत्रकारहरुले सुझाब दिएका छन् । बुटवल उप-महानगरपालिकाले गरेको अन्तरक्रियामा पत्रकारहरुले मासु व्यवसायी र बाख्रा पालक (उत्पादक) किसानहरुलाई जोडेर अगाडि बढ्दा मात्र वधशाला दीगोरुपमा चल्न सक्ने सुझाब उप-महानगरलाई दिएका हुन् ।

छलफलमा बिबिसी संवाददाता माधव नेपालले बुटवलवासीलाई स्वस्थ मासु खुवाउने उद्देश्यले वधशाला सञ्चालनमा आउनु सकारात्मक भए पनि मासु व्यवसायीहरुलाई नसमेट्दा सञ्चालनमा समस्या आएको औंल्याउँदै मागलाई सम्बोधन गरेर अगाडि बढ्नुपर्ने सुझाब दिए ।

राज्य टेलिभिजनका समाचार प्रमुख यमलाल भुसालले ठूलो मात्रामा बिक्री र खपत हुने कुखुरा, रांगा, बंगुर आदिको मासुको बारेमा कानुनमा उल्लेख नगर्नु, तर खसिबोकाको मासुलाई मात्र तोकेर बनाइएको कानुन अपूर्ण रहेको औंल्याए ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका निवर्तमान उपाध्यक्ष दिनेश पाण्डेले बाख्रापालक किसान र व्यवसायीलाई वधशाला चलाउन दिने गरी पहिले भएको सम्झौतालाई तोड्दा समस्या र गुनासोहरु आइरहेको बताए । उनले सम्बन्धित क्षेत्रको विज्ञ विना

उपमहानगरले गर्ने अनुगमनमा समेत प्रश्नहरु उठेको भन्दै ध्यानाकर्षण गराए ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका निवर्तमान सचिव रामप्रसाद आचार्यले वधशाला सञ्चालनका सम्बन्धमा लामो समयदेखि विवाद कायम रहनुले राम्रो सन्देश नगएको बताए । दसैं जस्तो महान पर्वको समयमा बुटवलमा मासु व्यवसायीलाई अनुगमन र जरिवना गरेर त्रसित बनाउँदा बजारमा मासु अभाव भएको आचार्यले बताए ।

नेपाल पत्रकार महासंघ गुल्मीका पूर्व अध्यक्ष घनश्याम गौतमले कानुनी पाटो मात्र नहेरी स्थानीय व्यवसायी र किसानका माग कसरी सम्बोधन गरेर वधशाला दीगो सञ्चालन गर्नेमा ध्यान दिन आग्रह गरे ।

पत्रकार भगवती पाण्डेले उपमहानगरले सरोकारवालाको मागलाई बेलैमा सम्बोधन नगर्दा विवाद बढेर बुटवलबाट एशियाली विकास बैंकका तीनवटा ठूला परियोजनाहरु गुमेको भन्दै जायज माग सम्बोधन नगरी वधशाला दीगोरुपमा चल्न नसक्ने प्रष्ट पारिन् ।

कार्यक्रममा पत्रकार तेजेन्द्र केसी, ललित पाण्डेलगायतले पनि सुझाव राखेका थिए । पत्रकारहरुले वधशाला जुन मापदण्डमा सञ्चालन हुनुपर्ने हो त्यो अनुसार नभएको, बुटवलका मासु पसलमा मात्र अनुगमन गरिएको तर वधशालाको अनुगमन नभएको, बजारको माग अनुसार वधशालाले समयमा मासु उपलब्ध गराउन नसकेको, पर्याप्त जनशक्ति नभएको विषयमा प्रश्न उठाएका थिए ।

व्यवसायी नगएपछि वधशाला चलाउन सकस भएको छ । दैनिक एक हजार खसी बोका वध गर्न सक्ने क्षमता रहेको वधशालामा १६ श्राद्ध यता जम्मा दुई सय खसी बोका वध भएको उपमहानगरले दाबी गरेको छ ।

पत्रकारहरुका जिज्ञासाको जवाफ दिँदै बुटवल उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनालले करिब २४ करोड सरकारी लगानी धरासायी बनाउन नहुने बताउँदै व्यवसायीहरुलाई समेटेर जान उपमहानगर तयार रहेको बताए ।उनले व्यवसायीलाई लिखित माग पेश गर्न आग्रह गरिएको जनाए । संघीय सरकारले निर्णय गरेर निर्देशन दिएमा आफूहरु ठेक्का रद्द गरी मासु व्यवसायी र किसानका माग पूरा गर्न तयार रहेको खनालले स्पष्ट पारे ।

» बाँकी ३ पेजमा

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## सम्पादकीय

# सीमा सुरक्षाको संवेदनशिलता

सीमा अपराध र तस्करी नियन्त्रण गर्न दुई देशका सुरक्षा निकायको सक्रियता आवश्यक हुन्छ। नेपाल–भारत खुला सीमामा सुरक्षा निकायको समन्वयात्मक सक्रियताले मात्रै सीमा अपराध र तस्करी नियन्त्रण सहज हुन्छ।

भारतमा सीमा सुरक्षा बल एसएसबी तैनाथ छ। नेपालमा सशस्त्र प्रहरी बलको युनिटले सीमा सुरक्षाको काम गर्दै आएको छ। सशस्त्र प्रहरी बलको सक्रियता बढ्दै गइरहे पनि अपेक्षित सीमा अपराध नियन्त्रण हुन सकिरहेको छैन। खुला सीमाकै कारण सीमा अपराध नियन्त्रणमा चुनौती छ। खुला सीमाको व्यवस्थापन र नियमन गर्न सीमा सुरक्षा बललाई प्रविधिमैत्री र साधनस्रोतले बलियो बनाउनुपर्ने छ। अहिले सीमा अपराधलाई नियन्त्रण गर्न पाँच जनाको प्रहरी टोलीसहित दुई वटा कुकुर परिचालन गरिएको छ। अपराधी पहिचान गर्न कुकुरले सघाउ पुऱ्याउने भएकोले सीमा अपराध नियन्त्रण गर्न कुकुर परिचालन गर्नु स्वभाविक छ। हतियार, लागुऔषध र विष्फोटक पदार्थको ओसारपसार नियन्त्रण गर्न कुकुर सहयोगी भएको छ। प्रहरीले खानतलासी गरेर मात्रै अपराधी समातिने होइन्, कुकुरले हतियार, लागुऔषध र विष्फोटक पदार्थ ल्याएको व्यक्तिको पहिचान सहजै गर्ने भएकाले प्रहरीले गरेको परिचालन स्वभाविकै छ।

सीमा अपराध नियन्त्रण गर्न खटिएको सशस्त्र प्रहरी बलको रूपन्देही युनिटले नौ महिनामा १० करोडको अवैध सामान नियन्त्रण गरेको छ। रूपन्देहीको ७० किमिमा खुला सीमामा हुने तस्करी नियन्त्रण सशस्त्र प्रहरीको एकल प्रयासले मात्रै संभव छैन। सशस्त्र प्रहरीका आफ्नै समस्या छन्, गाडी, इन्धनको पर्याप्त व्यवस्था छैन। जनशक्ति पनि ठूलो संख्या छैन। यसका बाबजुत सशस्त्र प्रहरी बलको सीमा सुरक्षा बलको सक्रियता प्रशंसनी छ। नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभागको टोलीलाई पनि सीमा अपराध नियन्त्रणमा सक्रिय बनाउन आवश्यक छ। ती युनिट सशस्त्र प्रहरी बलको कामको क्षेत्र हो सीमा सुरक्षाको विषय भनेर उम्किन पाउँदैनन्।

एकातिर खुला सीमाको प्रयोग गरी अपराध हुने जोखिम बढी छ, अर्कोतिर चोरी तस्करी हुने जोखिम उत्तिकै छ। सीमा अपराध नियन्त्रणको पाटोसँगै तस्करी नियन्त्रण पनि उत्तिकै महत्वपूर्ण विषय हो। तस्करी हुँदा राज्यको आम्दानी गुम्छ, राज्यको राजस्वको स्रोतमा संकुचन आउँछ। तस्करी मौलाउँदै जाँदा सीमा अपराध बढ्दै जाने हो। नेपाल-भारत खुला सीमाको संवेदनशिलता बुझेर अपराध र तस्करी नियन्त्रण गर्न सुरक्षा निकायको परिचालन अझैं चुस्त बनाउनुपर्छ।

# स्वास्थ्य बिमामा खेलाँची किन ?



**प्रेमराज सिलवाल**

***स्वास्थ्य बिमा ऐन, ०७४ को प्रस्तावनामा नै 'गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्वभुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिताको अभिवृद्धि गरी स्वास्थ्य सेवामा नागरिको सहज एवं पहुँच सुनिश्चित गर्न' भन्ने कुरा उल्लेख भएको भए पनि कार्यान्वयनमा बिमा कार्यक्रमप्रति नै अविश्वास हुने गरी खेलाँची हुँदा समस्या बढ्दै गएका छन्।***



न्युजिल्यान्ड, बेलायत, जर्मनी, क्यानडा, अस्ट्रेलिया, फ्रान्सलगायत सबैजसो युरोपेली देशका साथै अमेरिका, जापान र भारतमा समेत स्वास्थ्य बिमासम्बन्धी कार्यक्रम प्रभावकारी ढंगले लागू गरिएका छन्। उन्नाइसौँ शताब्दीबाट सुरु भएको स्वास्थ्य बिमासम्बन्धी कार्यक्रम अहिले विश्वका सबैजसो मुलुकमा कुनै न कुनै ढंगले लागू गरिएका छन्। जीवनमा अनेकौं कारणबाट स्वास्थ्य समस्या आउने भएकाले विश्वमा स्वास्थ्य बिमाको अभ्यास हुँदै आयो।

सन् १८५० मा अमेरिकामा दुर्घटनाबाट हुने क्षतिका लागि बिमा दिइएको थियो। स्वास्थ्य उपचारमा बिमा सन् १८९० बाट थालिए पनि बीसौँ शताब्दीपछि मात्रै यसको प्रयोग बढी हुन थाल्यो। जर्मनीमा स्वास्थ्य उपचारका लागि सन् १८८३ बाट बिमाको थालनी भयो। अहिले जर्मनीमा 'सामाजिक स्वास्थ्य बिमा' लागू छ, जसमा पचासी प्रतिशतभन्दा बढी नागरिक समेटिएका छन्।

अस्ट्रेलियामा 'मेडिकेयर'का लागि करदाताबाट 'दुई प्रतिशत' र उच्च आय भएका वर्गबाट 'एक प्रतिशत' कर असुल गरी स्वास्थ्य बिमा कोषमा राखिने गरिएको छ। क्यानडाको 'हेल्थ एक्ट'ले स्वास्थ्यलाई सबैको अत्यावश्यक विषय मानेर निःशुल्क गरेको छ। फ्रान्सको स्वास्थ्य मन्त्रालयले औषधि उत्पादक कम्पनीसँग सीधै मोलमोलाई गरी औषधि खरिद गर्छ र नागरिकलाई सहुलियतमा दिने गर्छ, जहाँ विभिन्न खालका बिमा योजना लागू गरिएका छन्।

छिमेकी देश भारतमा राज्यअनुसारका फरक-फरक खालका स्वास्थ्य बिमा लागू भएको पाइन्छ, जसमा केन्द्रीय सरकारले आर्थिक सहयोग दिँदै आएको छ। 'राष्ट्रिय स्वास्थ्य प्राधिकरण'लाई लोकप्रिय भाषामा 'आयुष्मान भारत योजना' पनि भन्ने गरिएको छ। प्रधानमन्त्री मोदीको महत्वपूर्ण योजनामध्येमा एउटा स्वास्थ्य बिमा पनि पर्छ। जापानमा 'कामदार स्वास्थ्य बिमा', 'राष्ट्रिय स्वास्थ्य बिमा' र 'वृद्धवृद्धा स्वास्थ्य बिमा' लागू गरिएको छ। राष्ट्रिय बिमा योजनामा संलग्न भएपछि परिवारका सबै सदस्यले बिमा सुविधा पाउँछन्। नेपालमा हाल लागू हुँदै आएको बिमा पनि लगभग यसै किसिमको हो।

विश्वका धेरै मुलुकमा स्वास्थ्य बिमासम्बन्धी कार्यक्रम प्रभावकारी ढंगले लागू हुँदै आएका छन्। नेपालमा भर्खरै मात्र लागू गरिएकोमा स्वास्थ्य बिमा कार्यक्रमप्रति सरकारी पक्षबाट चरम उपेक्षाभाव देख्न पाइन्छ। नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षा र संरक्षण गर्न एवं स्वास्थ्य सेवालाई सहज तथा सरल बनाउन नेपाल सरकारले ०७२ सालदेखि स्वास्थ्य बिमा कार्यक्रम लागू गर्दै आएको छ। जनतालाई आर्थिक सुरक्षण प्रदान गरी स्वास्थ्य सेवा दिने, आर्थिक स्रोतको परिचालन गर्ने र प्रभावकारी तथा उत्तरदायी एवं गुणस्तरीय स्वास्थ्य सेवा दिने उद्देश्यले स्वास्थ्य बिमा बोर्डलाई 'स्वास्थ्य बिमा बोर्ड ऐन, ०७४' अनुसार कार्य गर्ने अधिकार तोकिएको छ। हाल राजधानी काठमाडौंसहित देशका सबै जिल्लामा स्वास्थ्य बिमा लागू भएको छ। ०८१ साल कात्तिकसम्म चार सय ८३ स्वास्थ्य संस्था बोर्डमा आबद्ध छन्।

हालसम्म ८१ लाख १४ हजार पाँच सय ९४ नागरिक र दुई लाख ५४ हजार दुई सय २० परिवारले स्वास्थ्य बिमा गराएकोमा ४८ प्रतिशतले स्वास्थ्य बिमामार्फत स्वास्थ्य सेवा लिएका छन्। अहिले पनि बिमा गराएकामध्ये ५२ प्रतिशतले बिमामार्फत कुनै सेवा नलिएरै बिमा शुल्क तिर्दै आएको देखिन्छ। तर, स्वास्थ्य बिमा बोर्डले बिमासम्बन्धी सेवा र सुविधालाई भरपर्दो बनाउन भने सकेको देखिन्न। उल्टो सरकारी पक्षबाटै खेलाँची हुने गरेकाले अनेकौँ सवाल खडा हुने गरेका छन्।

हाल बोर्डमा दैनिक ३० हजारसम्म बिमा दाबी हुने भए पनि बोर्डसँग आठ हजारको हाराहारीमा मात्र परीक्षण गर्न सक्ने क्षमता छ। समयमा नै भुक्तानी दिन नसक्नु स्वास्थ्य बिमाको ठुलो चुनौती हो। यसबाट सेवा प्रदायक संस्थामा नकारात्मक भावना वृद्धि भई विश्वसनीयताको संकट पैदा हुन सक्छ। भुक्तानी नभएको भन्दै देशकै ठुलोमध्येको एक काठमाडौंस्थित शिक्षण अस्पतालले ओपिडीबाहेकमा बिमा सेवा बन्द नै गरी बसेको छ। यसले स्वास्थ्य सेवा प्रवाहमा खेलाँची गरिएको प्रस्ट हुन्छ। शिक्षण अस्पतालमा स्वास्थ्य बिमामार्फत उपचार गराउन मुलुकका विभिन्न जिल्लाबाट दैनिक हजारौँ नागरिक आउने गरेका छन्। तर, उनीहरू अहिले बिमा सेवाबाट वञ्चित भइरहेका छन्।

स्वास्थ्य बिमामा गैरजिम्मेवारीपन र लापरबाहीका कारण नागरिकको मौलिक अधिकार हनन भएको छ। नेपालको संविधानको धारा १६ (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनी लेखिएको छ। धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक उल्लेख छ, जसको उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिनेछैन भनी लेखिएको छ।

उपधारा (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भनिएको छ। त्यसैगरी उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भनिएको छ। धारा ४२ मा सामाजिक न्यायको हकमा समाजमा रहेका सबैको हक र अधिकारको सुरक्षा गरिने भनिएको छ। अर्थात्, स्वास्थ्य सेवा र सुविधा प्राप्त गर्ने अधिकारबाट कोही पनि वञ्चित हुनुहुँदैन भन्ने संविधानको अक्षर र भावना रहेको छ।

स्वास्थ्य सेवा नागरिकको मौलिक हक हो। मानव अधिकारको आधारभूत विषय पनि हो। प्रत्येक नागरिकको स्वास्थ्य अधिकारको सुरक्षा गर्न विभिन्न कानुनसमेत तर्जुमा गरिएका छन्। जनस्वास्थ्य सेवा ऐन, ०७५ को दफा ३ को उपदफा (४) मा आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने कुरा उल्लेख छ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ का आधारभूत स्वास्थ्य सेवाले नसमेटिएका उपचारात्मक सेवालाई स्वास्थ्य बिमासँग आबद्ध गर्ने, समाजिक न्यायको सिद्धान्तमा आधारित सुविधा प्रदान गरिने कुरा उल्लेख छ। स्वास्थ्य बिमा ऐन, ०७४ को प्रस्तावनामा नै 'गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्वभुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिताको अभिवृद्धि गरी स्वास्थ्य सेवामा नागरिको सहज एवं पहुँच सुनिश्चित गर्न' भन्ने कुरा उल्लेख भएको भए पनि कार्यान्वयनमा बिमा कार्यक्रमप्रति नै अविश्वास हुने गरी खेलाँची हुँदा समस्या बढ्दै गएका छन्।

स्वास्थ्य बिमा मानिसको जीवन र बाँच्न पाउने अधिकारसँग जोडिएको अनिवार्य विषय मात्र होइन, नागरिकको आधारभूत मौलिक हक र मानव अधिकारको विषय पनि हो। नेपालमा स्वास्थ्य बिमामा सहभागिता बढ्दै गएको भए पनि सरकारी पक्षमा गम्भीरताको कमी र खेलाँची गर्ने प्रवृत्तिका कारण अनेकौँ खालका चुनौती बढ्दै गएका हुन्। सेवा प्रदायक अस्पतालले सहज ढंगले सेवा नदिने, कतिपय सन्दर्भमा बिमितलाई अपमानित गर्ने, प्रक्रियागत हैरानी दिने, प्राविधिक भाषा बोलेर सेवाग्राहीलाई फर्काउने गरिएका देखिन्छन्। 'सर्भरले काम गरेन', 'सिस्टमले देखाएन', 'सिस्टम डाउन भएको छ', 'रिफर ल्याएको मिति मिलेन' भन्दै बिमितलाई फर्काउने गरिएको छ। सामान्य ओपीडीका चेकजाँचमा बिमा सुविधा दिए पनि 'फलानो-तिलानो' उपचारमा बिमा लागू हुँदैन भन्दै त्यसैमा बिमितलाई चर्को शुल्क लिएर ढाड सेक्ने गरिन्छ। सरल, सुलभ र सहज तरिकाले पाउनुपर्ने स्वास्थ्य बिमाअन्तर्गतका सेवाका क्रममा देखिएका अनेकौँ यस्ता प्रश्नबाट स्वास्थ्य बिमालाई मुक्त गर्नु आवश्यक छ। नेपाल सरकार, स्वास्थ्य बिमा बोर्ड तथा सेवा प्रदायक अस्पताल गम्भीर बन्न नसक्दा बिमित नागरिकमाथि अनेकौँ समस्या थपिएका हुन्।

विश्वका सबैजसो मुलुकमा स्वास्थ्य सेवालाई अत्यन्त संवेदनशील मानिने गरेको छ, तर नेपालमा खेलाँची गर्ने गरिन्छ। शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवाका क्षेत्रमा उत्कृष्ट मानिएको न्युजिल्यान्डमा स्वास्थ्य बिमालाई सरकारले अलग्गै बजेटसमेत विनियोजित गर्ने गरेको छ। दक्षिण कोरियामा 'नेसनल हेल्थ इन्स्योरेन्स'मार्फत सरकारले स्वास्थ्य बिमा उपलब्ध गराउने गरेको छ। बेलायतमा 'पब्लिक फन्डेड हेल्थ केयर' प्रणाली लागू गरिएकाले त्यहाँ बस्ने सबैले त्यसबाट फाइदा लिन सक्ने बनाइएको छ। अमेरिकामा ७० प्रतिशतभन्दा बढी मानिस स्वास्थ्य बिमामा सामेल भएका छन्।

राष्ट्रपतीय निर्वाचनमा पनि 'ओबामा हेल्थ केयर'को खुबै चर्चा हुने गरेको छ। स्विट्जरल्यान्डमा बिमालाई अनिवार्य नै गरिएको छ। यति मात्र होइन, द्वन्द्वग्रस्त भनिएको रुवान्डामा समेत ९० प्रतिशत मानिसलाई स्वास्थ्य बिमासम्बन्धी कार्यक्रममा समेटिएको पाइन्छ। सिँगापुरमा पनि स्वास्थ्य बिमालाई अनिवार्य गरिएको छ, जहाँ अस्पतालमार्फत स्वास्थ्य सेवा लिनुपर्ने र त्यसमा सरकारले बिमामार्फत खर्च व्यहोर्ने प्रबन्ध गरिएको छ।

स्वास्थ्य बिमाका लागि भन्दै राज्यले 'लगानी' गर्ने गरेको भए पनि नेपालमा चाहिँ सेवाग्राहीबाट आवश्यक शुल्क लिएर पनि सेवा प्रवाहमा खेलाँची गरिँदै आएको छ। एकातिर सरकारका स्वास्थ्यमन्त्री बिमा 'अमाउन्ट' वृद्धि गरेर पाँच लाख पुऱ्याउने कर्णप्रिय भाषण गर्छन् अर्कोतिर देशकै ठुलो स्वास्थ्य सेवा प्रदायक त्रिवि शिक्षण अस्पताल ओपिडीबाहेकमा बिमामा स्वास्थ्य सेवा दिनै बन्द गर्छ। यो स्वास्थ्य बिमामा सरकारी क्षेत्रको हदैसम्मको खेलाँची नभए के हो ? सम्बन्धित निकाय गम्भीर बनी स्वास्थ्य बिमालाई झन्झटरहित, विश्वासिलो र नागरिकमैत्री बनाउन आवश्यक छ।

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचक बढ्यो, कारोबार रकम घट्यो



काठमाडौँ। मंगलबार सेयर बजार परिसूचक (नेप्से)मा २५.८८ अंकको वृद्धि देखिएको छ। आइतबार र सोमबार उच्च अंकले घटेको बजार मंगलबार दोहोरो अंकले बढेको हो।

यसैगरी मंगलबार परिसूचकमा तीव्र उतारचढाव देखियो। २६४० बिन्दुबाट सुरु भएको बजार केही क्षणमै २६६९ बिन्दुमा उक्लिएको थियो। त्यसपछि पनि तीव्र उतारचढाव देखिएको बजार अन्ततः २६६५.८१ बिन्दुमा पुगेर रोकिएको छ।

परिसूचकमा वृद्धि भए पनि कारोबार रकम भने अघिल्लो दिनको तुलनामा घटेको छ। कुल १ करोड ९ लाख ६२ हजार कित्ता सेयर खरिदबिक्री हुँदा ४ अर्ब १७ करोड १६ लाख रुपैयाँको कारोबार भएको छ।

सोमबार ५ अर्ब ९० करोडको कारोबार भएको थियो। मंगलबार १९९ कम्पनीको सेयर मूल्य बढेको छ। ४० कम्पनीको घट्दा ५ कम्पनीको स्थिर रह्यो। नेप्सेका सबै उपसमूहको सूचक बढेको छ। सबैभन्दा धेरै फाइनान्स उपसमूह ३ प्रतिशले बढ्यो। त्यसैगरी उत्पादन तथा प्रशोधन उपसमूहको सूचक २.१४ प्रतिशतले बढेको छ।

# बागलुङमा ५६ हजार दुई सय ४० 'मेट्रिकटन' आलु उत्पादन

ढोरपाटन। बागलुङमा आलुखेती विस्तारमा जोड दिइएको छ। जिल्लाको माथिल्लो क्षेत्रमा आलु उत्पादन बढ्दै राम्रो हुँदै गएपछि दुई वर्षदेखि क्षेत्र विस्तार गर्न थालिएको हो।

किसानले आलुखेतीतर्फ चासो देखाउन थालेपछि कृषि ज्ञान केन्द्रले लगानी गर्दै आएको छ। बागलुङको तमानखोला, ताराखोला, निसीखोला र काठेखोला गाउँपालिका तथा ढोरपाटन नगरपालिकालगायत क्षेत्र आलु उत्पादनका लागि उपयुक्त रहेको हुँदा किसानलाई प्रोत्साहनसमेत गर्न थालिएको हो।

गत वर्ष ज्ञान केन्द्रले नयाँ क्षेत्र विस्तारका लागि रु दुई करोड ६० लाख लगानी गरेको र चालु आर्थिक वर्ष रु एक करोड ५९ लाख लगानी गर्न थालेको हो। गत वर्ष गण्डकी प्रदेश सरकारले खायन आलुखेतीका लागि रु तीन करोड ६० लाख विनियोजन गरेको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले जानकारी दिए।

गत वर्ष ज्ञान केन्द्रले एक सय ३६ हेक्टर नयाँ क्षेत्रमा आलु लगाएको र यस वर्ष थप क्षेत्र विस्तार गर्ने उनको भनाइ छ। बर्खे र हिउँदे गरी दुई याममा आलु उत्पादन हुने जिल्लामा बर्सेनि करोडौँ भित्रिने गरेको छ। प्रमुख सिलवालका अनुसार यस वर्ष आलु तीन हजार सात सय हेक्टरमा लगाइएको थियो।

गत वर्षको तुलनामा बढी क्षेत्रफलमा आलु लगाए पनि उत्पादनमा ह्रास आउँदा ५६ हजार दुई सय ४० मेट्रिकटन मात्र आलु उत्पादन भएको प्रमुख सिलवाल बताउँछन्। उनले चैत



र बैशाख महिनामा लामो खडेरी पर्दा उत्पादनमा ह्रास आएको उनको भनाइ छ। गत वर्ष प्रतिहेक्टर १६ दशमलव पाँच टन आलु उत्पादन भएकामा यस वर्ष प्रतिहेक्टर १५ दशमलव दुई मेट्रिकटन मात्रै उत्पादन भएको सिवालले जानकारी दिए।

उनले भने-"पछिल्लो समय बागलुङका किसानले आलुखेतीप्रति निकै चासो दिनुभएको छ, प्रदेश सरकारले पनि बर्सेनि बजेट विनयोजन गर्दै आएको छ, पहिले पुरानो शैलीमा खेती गर्ने किसानले अहिले आधुनिक प्रविधिको प्रयोग गर्दै जानुभएको छ, ज्ञान केन्द्रले अहिले किसानलाई तालिम, आवश्यक बीउ, यन्त्र उपकरण र प्राविधिक सहयोग गर्दै गएको छ।"

बागलुङका किसानले उत्पादन गर्ने आलु बागलुङ, बुटवल, चितवनलगायत शहरमा पुग्ने गरेका छन्। किसानले हिउँदे आलु प्रतिकिलो रु ४० र बर्खे आलु प्रतिकिलो रु ५० मा बिक्री गर्दै आएका छन्। लामो समयको खडेरीका कारण अघिल्लो वर्षको तुलनामा झन्डै १५ प्रतिशत कम आलु उत्पादन भएको ढोरपाटन-९ का किसान झकेन्द्र विकले बताए। गत वर्ष करिब रु चार लाखको आलु बिक्री गरेकामा यस वर्ष रु दुई लाख ८० हजारको मात्रै बिक्री गरेको उनको भनाइ छ।

"किसानका लागि कृषि ज्ञान केन्द्रले राम्रो सहयोग गरेको छ, आलुको बीउ दियो, सिँचाइका लागि पाइप उपलब्ध गराइयो, अरू यन्त्र पनि दियो, पहिले सामान्य तरिकाले आलुखेती गर्थ्यौं, अहिले प्राविधिकले भनेअनुसार गर्छौं", विकले भने-"यस वर्ष सुरुमा बोट रामै थियो, उत्पादन चाहिँ कम भयो।" रासस

**मासु...**

बाख्रापालक किसान र मासु व्यवसायीको सहभागितामा सार्वजनिक-निजी-उत्पादक साझेदारी (फोर-पी) अवधारणामा वधशाला चलाउने पूर्वसहमति विपरीत बुटवल उप-महानगरले टेण्डरमार्फत् निजी कम्पनीलाई दिएपछि व्यवसायी वधशालामा जान अस्वीकार गर्दै भद्र अवज्ञा आन्दोलनमा छन् ।

फोर पी ढाँचामै वधशाला सञ्चालन गर्ने गरी २०७९ साल माघमा टेन्डर आह्वान गरिएको थियो । भाडावापत बुटवल उप-महानगरपालिकाले वार्षिक ४७ लाख ३० हजार रुपैयाँ पाउने गरी बुटवल मासु उत्पादक तथा प्रशोधन प्रालिसँग सम्झौता भएको थियो । उक्त सम्झौता २०७९ फागुन २ गते उपमहानगरको कार्यपालिकाको बैठकले अनुमोदन गरेको थियो । तर उप-महानगरपालिकाले २०८० जेठ ३ गते भइसकेको सम्झौता रद्द गरी फेरि टेन्डर आह्वान गरेपछि व्यवसायी र बुटवल उप-महानगरपालिकाबिच विवाद सूरु भएको हो । बुटवल उद्योग वाणिज्य संघसहित रुपन्देहीका सात वटा व्यवसायिक संघ-संस्थाले बुटवलका मासु व्यवसायीलाई तत्कालका लागि आफ्नै पसलमा स्वस्थ खसी बोका वध गरी बिक्री वितरण गर्न दिन माग गरेका थिए ।

उप-महानगरले दिनहुँजसो अनुगमन र ५० हजार रुपैयाँसम्म जरिवानादेखि पसल बन्दसम्म गराउन थालेपछि व्यवसायी भद्र अवज्ञा आन्दोलनमा छन् ।

व्यवसायीको आन्दोलनमा ऐक्यबद्धता जनाउँदै बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्यालले विज्ञप्ति जारी गर्दै तत्कालका लागि यथावत अवस्थामा आफ्नै पसलमा वध गरेर स्वच्छ तथा स्वस्थ मासु बेचबिखन गर्न दिन माग गरेका थिए । यसका लागि बुटवल उप-महानगरपालिका तथा सरोकारवाला निकायले आवश्यक सहजीकरण गर्न संघले आग्रह गरेको थियो ।

कानुनको व्यवहारिक कार्यान्वयन गरी चाडपर्वको समयमा मासुको सहज आपूर्ति हुने वातावरण बनाउन समेत विज्ञप्तिमा अनुरोध गरिएको थियो ।

वधशाला सञ्चालनमा आएसँगै मासु व्यवसायी र वधशाला सञ्चालकबिचको विवाद र त्यसले आम उपभोक्तामा पारेको असरप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

वधशाला निर्माणको प्रारम्भिक चरणदेखि सञ्चालनको प्रक्रियासम्म आइपुग्दा सार्वजनिक, निजी, साझेदारीको मर्म अनुसार सबैको पेशागत सुरक्षा र उपभोक्ताको स्वच्छ तथा स्वस्थ्य खाद्य अधिकारलाई सुरक्षित हुने विश्वसनीय वातावरण कायम गर्न बुटवल उप-महानगरपालिका, मासु व्यवसायी र आम सचेत नागरिक समक्ष आग्रह गरिएको छ ।

साथै वधशाला स्थापनादेखि हालसम्मका सबै विषयका बारेमा श्वेतपत्र जारी गर्न पनि बुटवल उप-महानगरपालिकालाई अनुरोध गरिएको छ ।

यसैगरी बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका अध्यक्ष कृष्णप्रसाद पौडेल, कुखुरापालक किसान संघ रुपन्देहीका अध्यक्ष ऋषिराम काफ्ले, होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष लेखनाथ भण्डारी, मासु व्यवसायी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष नारायण घर्ती, रुपन्देही सामाजिक उद्यमी इन्भेष्ट कम्पनीकी अध्यक्ष होमादेवी पौडेल र मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले संयुक्त विज्ञप्ति जारी गर्दै व्यवसायीलाई अनुगमनको नाममा व्यवसायीमाथि धरपकड र मासु कब्जा गरेर लैजाने काम रोकेर व्यवसाय सञ्चालन गर्न दिन माग गरेका छन् ।

व्यवसायी र किसानहरुले उठाएका जायज मागहरु सम्बोधन गरी स्थानीय तह र आम व्यवसायीहरुबिच सुमधुर सम्बन्ध कायम गर्नुको सट्टा उपमहानगर अवैज्ञानिक, अपूरो, विभेदकारी कानुनको आडमा अनुगमनको नाममा निर्मम, निरंकुश र गैरजिम्मेवार बन्दै गएको उनीहरुको भनाई छ । आफूले ठेक्का दिएको कम्पनीको एकलौटी व्यापार गराउने स्वार्थमा व्यवसायीमाथि धरपकड जारी राखेमा गम्भीर परिणामका लागि तयार रहन उप-महानगरलाई उनीहरुले चेतावनी दिएका थिए ।

किसान र व्यवसायीको सहभागितामा मात्रै बधशालाको दीगो सञ्चालन हुन सक्ने पक्षमा तथा व्यवसायीमाथि बुटवल उप-महानगरबाट भएको अनुगमन र जरिवानाको विरुद्धमा नेकपा एमाले, माओवादी केन्द्र, विप्लव नेतृत्वको नेकपा, रास्वपा, राप्रपा र राष्ट्रिय जनमोर्चाले पनि व्यवसायीका पक्षमा ऐक्यबद्धता जनाएका छन् ।

बुटवल उप-महानगरमा यसअघिका जनप्रतिनिधिको पहलमा वधशालालाई दिगो रुपमा सञ्चालन गर्ने गरी सार्वजनिक, निजी, सहकारी (उत्पादक) साझेदारी (फोर-पी) अवधारणा बमोजिम सर्वपक्षीय समिति समेत बनाइएको थियो । ०७६ साउन १३ गते उपमहानगरमा बसेको उक्त सर्वपक्षीय समितिले किसान, उत्पादक, व्यवसायी र उपभोक्ता समेतलाई लाभ हुने गरी मोडल तयार पारेको थियो ।


## सरावल गाउँपालिकाको अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौँ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौँ ।
- सबैखालका विभेदको अन्त्य गरौँ ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौँ ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔँ ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौँ, चर्पीमा मात्र दिसापिसाव गरौँ ।
- पानी उमालेर मात्र पिउने गरौँ ।

**अनुरोधक**

**सरावल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपरासी,(ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल**


## मेडल हराएको सूचना

अर्घाखाँची जिल्ला सन्धिखर्क नगरपालिका वडा नं. ११ डिभर्ना निवासी म पदमबहादुर क्षेत्रीको ०८६ B.S.F. नं. ६७८११३२२६ को मेडल ०८१/०५/२५ गते भारतबाट नेपाल आउने क्रममा हराएको ले भेटाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरी बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नामः पदम बहादुर क्षेत्री
सम्पर्क नं. ९८६७३९०१८०

## सच्याइएको

मिति २०८१।०७।०६ गते को यस राष्ट्रिय दैनिक लुम्बिनीमा प्रकाशित हेभी इक्विपमेन्ट डिभिजन, बुटवलको लिलाम बिक्री सम्बन्धी सूचनामा लिलाम हुनुपर्नेमा अन्यथा भएको र प्रकाशित मिति २०८१।०७।०६ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

## कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको जिल्ला नवलपुर, कावासोती नगरपालिका वडा नं. २ मौजा शान्तिटोल बस्ने जगरनाथ शाहको छोरा अं.वर्ष ३९ को नरेश शाहको नाउँको इतलायनामा म्याद सूचना....।

जिल्ला कपिलवस्तु बुद्धभूमि नगरपालिका वडा नं. २ गोरुसिङ्गे बस्ने बाबुराम पाण्डेले तपाईंको नाउँमा मिति २०८१।०१।०६ गते चेक अनादर मुद्दाको फिरादपत्र यस अदालतमा दिएकोमा तपाईको नाममा जारी भएको म्याद सूचना बेपत्ते तामेल भएकोले तपाईंको नाउँको सूचना म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु भनी यस अदालतबाट भएको आदेशानुसार तपाईंको नाममा यो सूचना प्रकाशित गरिएको छ । म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक २१ दिन भित्र कानुन वमोजिम आफ्नो लिखत प्रमाण सहित प्रतिउत्तरपत्र लिई यस अदालतमा आफै वा कानुन बमोजिम प्रतिनिधि मार्फत उपस्थित हुन आउनुहोला । कानूनका म्याद भित्र प्रतिउत्तरपत्र पेश नगरेमा कानून बमोजिम हुनेछ, पछि तपाईको उजूर लाग्ने छैन् ।

इति सम्वत् २०८१ साल असोज ०९ गते रोज ४ शुभम्..............

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### चोरमारा, नवलपरासी (बर्दघाट सुस्तापूर्व)
### गण्डकी प्रदेश, नेपाल

## 4WDPick-up (Double Cab) क्याटलग/ब्रोसर सपिङ विधिबाट खरिद सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८१।०७।०७

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १(क) ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्ता सवारी साधन उपकरण उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधन उपकरणको उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट सवारी साधन उपकरण बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण, क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र कार्यालय समयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम आह्वान गरिएको छ । सो सँग सम्बन्धित Technical Specification सम्बन्धी विवरण कार्यालयको www.madhyabindumun.gov.np प्राप्त गर्न सकिने छ ।

| क्र.स. | संक्षिप्त विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | 4WDPick-up (Double Cab) | १(एक) | यहाँ उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**

## Naubahini Rural Municipality
### Office the Rural Municipal Executive
### Lung Bahane, Pyuthan
### Lumbini province, Nepal

## Invitation for Online Bids

Date of First Publication date 2081/07/07 (23th oct 2024)

1. Naubahini Rural Municipality invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions of work | Estimated cost (Nrs) Including VAT | Bid Document Fee(Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 08-NRM-NCB/ W/2081/82 | Ward no 4 office building construction | 3773138 | 3000.00 | 114000 | 90 Days |

2. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane,Pyuthan or PPMO's Website: http://www.bolpatra .gov.np/egp.

**Chief Administrative Officer**

## Jhimruk Rural Municipality
### Office of the Rural Municipal Executive
### Bhyagute, Pyuthan
### Lumbini, Province, Nepal

## Invitation for Bids

Date of Publication: 2081/07/07 (AD 23/10/2024)

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of following Project under National Competitive Bidding procedures.

| S.N. | Contract ID No | Description of Work | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|
| 1 | IFB No.: JRM/NCB/ WORKS/03/2081/082 | Upgrading of Bagdula Machchhi Road. (Batase dada - Machchhi Section) | NRs. 14,00,000.00 | NRs. 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo or before 12 Hours on 2081/08/07 (AD 22/11/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/08/07 (AD 22/11/2024), 2:00 pm at the office of Jhimruk Rural Municipility Ofice of Rural Municipal Executive, Bhyagute Pyuthan. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 14,00,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days)
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

## कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### गण्डकी प्रदेश,नेपाल
### २०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति २०८१/०७/०७

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक(मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 06/KM/NCB/ 2081/82 | Ward No 2 and 3 Ko Bibhinna Sthan Ko Bato Starnotti | हर हर गंगे कन्स्ट्रक्सन कम्पनी प्रा.ली विष्णुपुर गाउँपालिका वडा-१ सिराहा | ४४,४३,३३७.१३ | |
| 07/KM/NCB/ 2081/82 | Ward No 16 ko Bibhaan Sthaan ko bato starnotti | हर हर गंगे कन्स्ट्रक्सन कम्पनी प्रा.ली विष्णुपुर गाउँपालिका वडा-१ सिराहा | ५३,९९,२०१.५६ | |

**प्रमुख प्रशासकीय अधिकृत**


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# ऐन विपरीत शिक्षक सरुवा बदर गर्न माग



श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

शिक्षक सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिको सहमति आवश्यक रहने व्यवस्था शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१ मा प्रस्ट उल्लेख गरिएको छ। शिक्षा ऐनमा शिक्षक सरुवा गर्दा पूरा गर्नुपर्ने मापदण्ड नै पूरा नगरी शिक्षक सरुवा गरेपछि शिक्षक सरुवा बदर गर्न अभिभावकहरुले माग गरेका छन् । स्याङ्जाको वालिङ नगर शिक्षा समितिले दुई शिक्षक सरुवामा शिक्षा ऐनअनुसार मापदण्ड पालना नगरेपछि विद्यालय व्यवस्थापन समितिले सरुवा बदर गर्न माग गरेका हुन् ।

वालिङ १ स्थित रणविर जनहित माध्यमिक विद्यालयका बहुमत सदस्यले संघीय शिक्षा ऐन, शिक्षक सरुवा कार्यविधि एंव स्थानीय शिक्षा ऐनको प्रतिकुल हुनेगरी गरिएको शिक्षक सरुवा बदरको माग गर्दै वालिङ नगरपालिकामा निवेदन दिएका छन् । विद्यालय व्यवस्थापन समितिले दिएको निवेदन अनुसार वालिङ नगर शिक्षा समितिले विद्यालयको व्यवस्थापन समितिको सहमतिमा सरुवा गर्नुपर्नेमा समितिसँग कुनै छलफल नै नगरी शिक्षक सरुवा गरिएकोमा बहुमत सदस्यले हाललाई उक्त निर्णय बदर गर्न माग गरेका हुन् । नगर शिक्षा समितिले गरेको निर्णय विद्यालयको हितमा नदेखिएको गुनासो स्थानीय बुद्धिजीवी, सरोकारवाला, विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारी, चन्दादाता, अभिभावक, विद्यार्थी, पूर्व शिक्षक एंव पूर्व विद्यार्थीहरुबाट आएको हुनाले क्षेत्राअधिकार मिचेर निर्णय गरि पठाइएको शिक्षकलाई विद्यालयमा हाजिर गराउन नसकिने व्यहोरा उल्लेख गर्दै निवेदन दिएका छन्।

वालिङ नगर शिक्षा समितिले असोज १३ गते रणवीर जनहित माविका अंग्रेजी शिक्षक कमलराज लम्साललाई महेन्द्र माविमा र महेन्द्र माविका अंग्रेजीका शिक्षक अर्जुनप्रसाद पोखेललाई रणविर जनहित माविमा सरुवा गर्ने निर्णय गरेको थियो । सरुवा भएका शिक्षकहरु विद्यालयमा हाजिर भएर पठनपाठनमा सहभागी भइसकेका छन् । मेहन्द्र माविको विद्यालय व्यवस्थापन समितिले शिक्षक पठाउने र लैजाने विषयमा सहमतिको निर्णय गरेको छ भने राणवीर जनहित माविले भने विद्यालय व्यवस्थापन समितिले सहमतिको निर्णय नै नगरेको बुझिएको छ।

वालिङ नगर शिक्षा समितिका सदस्यहरुले भने शिक्षक सरुवामा यस्तो विवाद आउँछ भन्ने थाहा नै नपाएको बताएका छन् । वालिङ नगर शिक्षा शाखाले दुवै विद्यालयको शिक्षक सरुवा गर्ने सहमति भएको जानकारी दिएकाले हामीले बैठकमा हस्ताक्षर गरेको समितिका अधिकांश सदस्यले बताएका छन्। १५ सदस्यीय नगर शिक्षा समिति रहेको वालिङमा सदस्य सचिवसहित ८ जनाले मात्रै उक्त निर्णयमा हस्ताक्षर गरेका छन् । जसमा उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले बैठकमा सहभागी भए पनि हस्ताक्षर नगरेको बताइएको छ। शिक्षा समितिमा विवादमा रहेको रणवीर जनहित माविका प्रधानाध्यापक पनि सदस्यमा रहेका छन् । उनको भने हस्ताक्षर रहेको छ।

वालिङ नगर शिक्षा शाखा प्रमुख खेमनारायण काफ्लेले भने पालिकाभित्र शिक्षक सरुवा गर्दा कार्यविधिअनुसार नै गरिएको दाबी गरेका छन् । 'यो दोहोरो मिलान हो,' उनले भने-'यसमा विद्यालय व्यवस्थापन समितिको सहमति आवश्यक छैन ।' आकस्मिक सरुवा गर्नुपर्ने विधि अपनाएर कानुनअनुसार सरुवा गरिएको काफ्लेले बताए । विद्यालय व्यवस्थापन समितिले शिक्षक सरुवा बदर गरिदिनु भनेर बहुमत सदस्यले दिएको निवेदन के हुन्छ भनेर प्रश्न गर्दा शिक्षा शाखा प्रमुख काफ्लेले यो विषयमा म बोल्न नमिल्ने र समितिले नै निर्णय गर्ने जनाउ दिए।

दरबन्दी रिक्त रहेमा मात्रै जुनसुकै समयमा शिक्षक सरुवा गर्न पाइने कानुनी व्यवस्था छ। तर वालिङ नगरले भने दोहोरो मिलान भन्दै पठनपाठन चलिरहेकै बेला शिक्षकहरु सरुवा गरिदिएको छ। दरबन्दी मिलान गरिएको भन्दै शिक्षक सरुवा निर्देशिकालाई अपव्याख्या गरी शिक्षा शाखाले कानुनविपरीत शिक्षक सरुवा गरिदिँदा विवादित बन्न पुगेको छ। शिक्षक दरबन्दी मिलान गर्दा नयाँ शैक्षिकसत्र अगावै नगर शिक्षा समितिले पालिका भरी एकैचोटी दरबन्दी मिलान गर्न पाइने व्यवस्था छ। यो समयमा शिक्षकको दरबन्दी मिलान गर्न नमिल्ने शिक्षा अधिकारीहरु बताउँछन्।

दुई शिक्षक सरुवाले अहिले वालिङ नगरपालिका विवादमा तानिएको छ । ऐन र निर्देशिकाका विषयमा शिक्षा शाखाको कमजोर व्याख्याले शिक्षा समिति नै विवादमा तानिएको हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (ज) र शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१ को अनुसार सरुवा अवलम्बन गर्नुपर्नेमा कुनै पनि विधि र प्रक्रिया नमिलाई सरुवा गरिदिँदा नगर शिक्षा समिति अहिले विवादमा परेको छ । यस विषयमा हस्ताक्षर गरेका केही नगर शिक्षा समितिका सदस्यहरु अलमलमा परेका छन्।

बीपीस्मृति कपः

# नेक्सस रूपन्देही र भारतको लाइफ केयर सेमिफाइनलमा



भैरहवा । नेक्सस रुपन्देही-११ नेपाल र भारतको लाइफ केयर क्रिकेट क्लब भैरहवामा जारी 'बीपी कोइराला स्मृति कप टी-२०' अन्तर्राष्ट्रिय अन्तरक्लब क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्।

मंगलबार भएको खेलमा नेक्ससले बंगलादेशको साइक्यू क्रिकेट एकेडेमी माथि ७ विकेट र भारतको लाइफ केयरले श्रीलंका राज्य सेवा क्रिकेट संघ श्रीलंकालाई १ सय १४ रनले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेका हुन्।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा जितका लागि पाएको १ सय २१ रनको लक्ष्य नेक्ससले १७ ओभर ३ बलमा ३ विकेटको नोक्सानीमा सहजै पूरा गर्यो । नेक्ससको जितमा शंकर रानाले ३७, मिर्नाल गुरुङले २६, आकाश त्रिपाठीले अविजित १९, विपिन विक्रम शाहीले १६ र वसिर अहमदले नटआउट १५ रनको योगदान दिए। बलिङमा साइक्यू क्रिकेट एकेडेमीका सहदाज रहमान, अकस शाहउद्दिन र शाहबाज चाहउहाले समान १-१ विकेट लिए।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको साइक्यू क्रिकेट एकेडेमीले निर्धारित खेलमा ९ विकेटको नोक्सानीमा १ सय २० रन बनायो। उसका लागि मोहद उमारले ३६, साद इन्ब मोशरफले २९, मुनिम सानरिअर र तनिर हुसेन रानाले समान ११-११ रन बनाए पनि जितका लागि पर्याप्त भएन। बलिङमा नेक्सस रुपन्देहीका बसिर अहमदले ४ ओभरमा १० रन खर्चेर ४ विकेट लिए । यस्तै, दिपेश कँडेल र शाहब आलमले समान २-२ तथा कृष्ण कार्कीले १ विकेट हात पार्न सफल भए । खेलमा वसिर अहमद म्यान अफ द म्याच भई पाँच हजार रुपैयाँ प्राप्त गरे।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको भारतको लाइफ केयरले ५ विकेटको नोक्सानीमा २ सय ३६ रनको विशाल योगफल बनायो। उसका लागि दीपक पुनिया र राजेश शर्माले अर्धशतकीय पारी खेले। दीपकले ६६ र राजेशले ६१ रन बनाए। यस्तै, जस्मित नैनले अविजित ३३, दीपान्सुले २३ रन जोडे। बलिङमा श्रीलंका राज्य सेवाका इन्दुमल प्रसाद र रवि किरणले २-२ तथा तुसाराले १ विकेट लिए।

जवाफी ब्याटिङ गरेको श्रीलंका राज्य सेवा ८ विकेट गुमाउँदै १ सय २२ रनमै समेटियो र हार व्यहोर्यो । उसका लागि विनोद कुमारले २३ र तुसाराले २१ रन बनाए । उसलाई सस्तैमा रोक्न बलिङमा भारतको लाइफ केयरका क्षितिजले ४, रोहित डङ्गाल २ तथा योगेश कुमार र दीपक पुनियाले १-१ विकेट लिए। दीप पुनिया म्यान अफ द म्याच भई पाँच हजार रुपैयाँ प्राप्त गरे।

नेक्सस क्रिकेट एकेडेमीको आयोजना र रुपन्देही क्रिकेट संघको प्राविधिक सहयोगमा जारी प्रतियोगिता कार्तिक १० गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगितामा विजेता टीमलाई ५ लाख र उपविजेतालाई ३ लाख रुपैयाँ पुरस्कार प्रदान गरिने छ।

त्यस्तै म्यान अफ द सिरिजलाई ३५ हजार, बेस्ट बलरलाई २० हजार, बेस्ट ब्याट्सम्यानलाई २० हजार र प्रत्येक खेलको म्यान अफ द म्याचलाई ५ हजार प्रदान गरिने आयोजक संस्थाका अध्यक्ष अध्यक्ष भरतबहादुर शाहीले जनाए। प्रतियोगितामा दक्षिण एसियाली चारवटा टेष्ट राष्ट्र भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र नेपाल गरी पाँच देशका प्रथम श्रेणीका खेलाडीहरुको सहभागी छन्।

# सार्वजनिक जग्गामा 'बुद्धपार्क'

रामपुर (पाल्पा) । झाँडी र झारपातले भरिएको तीसमुरे चौर अहिले चिटिक्क बनेको छ। झाँडीले भरिएको चौरले पर्यटकीय रूप फेर्ला भन्ने कसैले पनि सोचेका थिएनन् । रामपुर नगरपालिका-६ स्थित तीसमुरे चौर (हालको बुद्धपार्क)लाई स्थानीयको सक्रियतामा अहिले पर्यटकीय क्षेत्रका रूपमा विकास गरेपछि पर्यटकीय गन्तव्यस्थल बन्दै गएको छ। तीन वर्ष पहिला यहाँ देख्ने जोकोहीले पर्यटकीयस्थल बन्छ भन्ने कल्पना पनि गरेका थिएनन् ।

यहाँको सौन्दर्यकरण देखेर जोकोही पनि दङ्ग पर्छन् । तीसमुरे चौरलाई अहिले बुद्धपार्कका नामले नामकरण गरिएको छ। यहाँ बुद्धको मूर्ति स्थापना गरी बुद्धपार्कका नामले पर्यटकीय गन्तव्यस्थलका रुपमा यो क्षेत्र प्रख्यात बनेको छ । रामपुर-६ ले वडामा रहेका सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्दै त्यसको व्यवस्थापन र उपयोग गर्ने गरी कार्यक्रम सुरु गरेसँगै तीसमुरे चौर बुद्धपार्कमा परिणत भएको हो। आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षण बनेको छ।

पक्की सडकले चारैतिर घेरेको यस पार्कको सुन्दर दृश्यले बाटो हिँड्ने यात्रुलाई लोभ्याइरहेको हुन्छ। पार्कभित्र विशाल बुद्धमूर्ति स्थापना, व्यवस्थित घेराबार, प्रवेशद्धार निर्माण, प्रतिक्षालय निर्माण, खुला व्यायामशाला तयार पारिएको छ । पार्कमा आन्तरिक पर्यटक आउनेजाने क्रम बढ्दै जाँदा व्यायाम गर्न व्यायामशाला निर्माण गरिएको हो । व्यायामशाला निर्माणपछि बिहानसाँझ व्यायाम गर्न जानेको उत्साहजनक उपस्थिति छ।

आर्थिक वर्ष २०७७/७८ मा वडा कार्यालयले चौरको सरकारी जग्गा छुट्याएर घुम्ती बाटो पक्की गरी कार्यक्रम सुरु गरिएको हो । चौरभित्र रहेको अव्यवस्थित बसोबासलाई व्यवस्थापन गरी आर्थिक वर्ष २०७८/७९ मा रु दुई लाख ५० हजार बजेट विनियोजन गरी गौतम बुद्धको मूर्ति स्थापना गरेर पर्यटन पूर्वाधारका काम थालनी गरिएको हो।

बुद्धमूर्ति स्थापना गरी अभियान सुरु गरेपछि प्रदेश सरकारको आर्थिक सहयोगमा चौरको खाल्डोमा माटो भर्ने काम गरियो । अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था र समाजसेवी रामप्रसाद लम्सालको आर्थिक सहयोगमा पार्कभित्र दुईवटा प्रतिक्षालय निर्माण गरिएको छ।

यस पार्कको सुन्दरतालाई बढाउन गत आवमा रामपुर नगरले कालीआँप-विजयपुर-बुद्धपार्क हुँदै तालपोखरा-तिलकपुर पुष्पमार्ग घोषणा गरी सौन्दर्य प्रदायक बिरुवा रोपण गरेपछि पार्कको सौन्दर्य अझ बढेको छ । गत आव लुम्बिनी प्रदेश पर्यटन डिभिजन कार्यालय भैरहवाबाट रु १० लाख बजेटमा घेराबार, प्रवेशद्धार, पार्कमा पैदलमार्ग र ज्येष्ठ नागरिक विश्रामस्थल प्रतिक्षालय निर्माण गरिएको छ । वडा कार्यालयको सहयोगमा गत वर्ष रु तीन लाख बजेटबाट खुला व्यायमशाला निर्माण गरिएको हो।

चारैतिर पक्की सडकभित्र पर्ने करिब १३ रोपनी जग्गालाई व्यवस्थापनलाई गरी संरचना तयार पारेर बुद्धपार्कको पहिचान बनेको बुद्धपार्क निर्माण समितिका अध्यक्ष धर्मराज ढकाल बताउँछन् । पार्क क्षेत्रमा अमलाका बिरुवा लगाइएको छभने आउँदो वर्ष आँपका बिरुवा लगाउने तयारी रहेको उनले जानकारी दिए। यसलाई बालउद्यानका रूपमा विकास गर्ने योजना उनको छ।

खुला चौर, ठाउँलाई सदुपयोग गरी पर्यटकीय तथा धार्मिक क्षेत्रको



विकासमा वडाले जोड दिएको बताउँछन्, रामपुर-६ का वडाध्यक्ष दिवाकर देवकोटा । व्यायाम गर्न, बुद्धमूर्ति दर्शन, पार्कमा घुमफिर गर्दै फोटो तथा भिडियो खिच्ने, टिकटक बनाउन आन्तरिक पर्यटक पुग्ने गर्दछन् । खुला सफा चौरमा बिहान साँझ आराम गर्न, साथीभाइ भेटघाटका लागि आन्तरिक पर्यटकलाई यो क्षेत्र गन्तव्यस्थल बनेको छ।

धार्मिक तथा पर्यटन प्रवर्द्धनका लागि नगरभित्रका विभिन्न सार्वजनिकस्थलमा आवश्यक पर्ने संरचना निर्माण गर्ने कार्य गरिरहेको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले जानकारी दिए । पर्यटकीय तथा धार्मिक संरचना बनाउन थालेपछि सार्वजनिक जग्गाको राम्रो सदुपयोग भएको नगरप्रमुख थापाले बताए।

"रामपुर नगरलाई एउटा धार्मिक तथा पर्यटकीय हबका रूपमा विकास गर्दै गएका छौँ", उनले भने-"भुगोलले मिलेको यो क्षेत्रमा ठाउँअनुसार आवश्यक पूर्वाधार निर्माण गरी पर्यटकीय क्षेत्र बनाउन नगर सरकारले जोड दिएर काम गरिरहेको छ, यसका लागि नगरपालिका कार्यालय तथा वडा कार्यालयबाट काम भइरहेका छन्।"

# छल्दी खोलामा क्रिकेट मैदान र बीपी पार्क बनाइने

गुल्मी। गुल्मीको इस्मा गाउँपालिकाले क्रिकेट खेल मैदानसहितको 'जैढुंगा बीपी पार्क' निर्माण गर्न लागेको छ। पालिकाभित्र आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले छल्दी खोलामा पार्क निर्माण गर्न लागेको हो।

गुल्मीको इस्मा गाउँपालिका-१ को छल्दी खोलामा क्रिकेट खेल मैदानसहितको 'जैढुंगा बीपी पार्क' निर्माण हुन लागेको छ। इस्मा गाउँपालिकाले खेल क्षेत्रको विकास गर्नसँगै पर्यटकीय गनतव्य बनाउनको लागि पार्क निर्माण गर्न लागेको गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्काले बताए। छल्दी खोलाको किनारमा निर्माण हुन लागेको खेल मैदानसहितको पार्क जिल्लाकै प्रमुख पर्यटकीय गनतव्य बनाउने लक्ष्य पालिकाले लिएको छ। छल्दी खोलामा क्रिकेट खेल मैदानसहितको 'जैढुंगा बीपी पार्क' निर्माण हुन थालेसँगै स्थानीय नागरिकले यसले जीविको पार्जनका लागि मद्दत गर्ने स्थानीय मानसिंह चुँदाराले बताए।

उनले गाउँ टोलमै यति ठूलो खेल मैदान र पार्क निर्माण हुनु सुखद पक्ष रहेको बताए। पार्क तथा खेल मैदान ६७ रोपनी क्षेत्रफलमा फैलिएको छ। छल्दी खोला किनारमा रहेको सार्वजनिक जग्गालाई खेल मैदान र पार्क निर्माण कार्यअगाडि बढाइएको हो। पार्क निर्माण कार्यले सानो व्यवसाय गरेर पनि जीविको पार्जन गर्न सकिने स्थानीय हिराबहादुर अधिकारीले बताए। उनले ठूलाठूला खेल आयोजना हुँदा स्थानीयलाई धेरै राम्रो फाइदा हुने अपेक्षा उनले गरे।

अहिले पार्कको ग्राउन्ड मिलाउने, वाल निर्माण, घेरा बार निर्माणको काम भएका छन्। पार्कमा खेल मैदान तयार गर्न दुबो रोप्न थालिएको छ। खेल मैदानसहितको पर्यटकीय पार्कले इस्मा क्षेत्रमा आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि आनन्द लिने स्थलका रुपमा विकास हुने गाउँपालिकाका अध्यक्ष खड्काले बताए।

यसले इस्मा क्षेत्रमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरु बढ्ने अपेक्षा पालिकाले लिएको बताए। यो खेल मैदान र पार्क राजमार्गको छेउमा रहेकाले चहलपहल धेरै बढ्ने खड्काले बताए।

पार्कभित्र पिकनिक ट्रस, फोटोग्राफी जोन, बच्चाबच्चीका लागि प्लेजोन, पिकनिक स्पोर्ट, स्विमिङ, बिचबिचमा पैदलमा मार्ग शौचालय, टिकट काउन्टर, पार्किङ निर्माण गरिने भएको छ। क्रिकेट खेल मैदानसहितको पार्कले जिल्लाका विभिन्न ६ वटा स्थानीय तहको प्रमुख गनतव्यका रुपमा विकास गर्ने लक्ष्य इस्मा गाउँपालिकाले लिइएको छ।

पार्क निर्माणका लागि गाउँपालिकाले पहिलो चरणमा १ करोड २५ लाखको लागतमा विभिन्न संरचना निर्माणको लागि काम गर्दै आइरहेको छ। थप संरचना निर्माणको लागि पनि रकम विनियोजन गरिने पालिकाले जनाएको छ।

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व-२०८१ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डोलराज अर्याल — प्रबन्धक
देवीप्रसाद भट्टराई — सचिव
झमन बहादुर राज मगर — अध्यक्ष

नागरिक बहुउद्देश्यीय सहकारी संस्था लि.परिवार
तानसेन,पाल्पा

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो
जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा–
- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
-दोस्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना।
-त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना,
-जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुने लगायतका कानूनी व्यवस्था छ।
त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कारबाहीबाट बचौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com